# सिड्नी आँखा अस्पताल

**(Sydney Eye Hospital)**

## बहिरंग विभाग
## बिरामीका लागि जानकारी

**(Outpatient Department)**
**(Patient Information)**



## अस्पताल कसरी पुग्ने:







सिड्नी अस्पताल तथा सिड्नी आँखा अस्पताल
8 Macquarie Street, Sydney NSW

आँखा बहिरंग सेवा विभाग फोन: 02 9382 7046
हस्पिटल स्वीचबोर्ड 02 9382 7111

Reviewed 2011 November

Health
South Eastern Sydney
Local Health District

1) कृपया अप्वाईन्टमेन्ट अर्थात भेट्ने समयको १५ मिनेटभन्दा अगाडि नआउनुहोस्।




2) आइसकेपछि कर्मचारीलाई जानकारी गराउनुहोस्। दर्ता गर्दा (चेक-ईन) भेटघाटको कार्ड मेडिकेयर कार्ड वा डीभीए कार्ड लिएर आउनुहोस्, तपाईको व्यक्तिगत विवरणलाई यो समयमा हेरिनेछ।



3) तपाईलाई दिइएको समय नर्सलाई भेट्नका लागि हो। कृपया कम्तीमा २ घण्टा वा बढी क्लिनिकलाई दिनुहोस्। यदि कुर्ने समय लम्बियो र तपाई प्रतीक्षाको समयबारेमा चिन्तित हुनुहुन्छ भने कृपया क्लिनिकको नर्सलाई सोध्नुहोस्।



4) अप्वाईन्टमेन्टमा आउँदा तपाईले खाने सबै औषधिको सूची र चश्मा लिएर आउन हामी सल्लाह दिन्छौँ।





5) क्लिनिकमा तपाईले डाक्टरलाई भेटेपछि उहाँले तपाईलाई बुकिङ् रसिद दिनुहुनेछ जुन तपाईले अर्को पटकको फलो अप अप्वाईन्टमेन्ट निश्चित गर्नका लागि रिसेप्सन डेस्कका कर्मचारी कहाँ लिएर जानुपर्नेछ। यदि तपाईलाई दोभाषेको आवश्यकता पर्छ भने कर्मचारीलाई थाहा दिनुस्। हामी तपाईका लागि दोभाषे उपलब्ध गराउने कोशिस गर्नेछौँ। उपलब्ध नभएको अवस्थामा तपाईले वैकल्पिक व्यवस्था गर्नु पर्नेहुन्छ।



तपाईको अप्वाईन्टमेन्ट रद्द गर्दा:
यदि तपाईले भेट्ने समय रद्द गर्नुपरेमा अर्को अप्वाईन्टमेन्टको लागि ३ देखि ४ महिनासम्म कुर्नुपर्ने हुन सक्छ। एकै दिनमा तपाईले २ वटा अप्वाईन्टमेन्ट पाउनुहुने छैन (जस्तैः हमफ्रे (Humphrey) स्थल परीक्षण र क्लिनिकमा भेटघाट)।



**अपरिहार्य अवस्थामा बाहेक अप्वाईन्टमेन्टको समय रद्द गर्ने हामी सल्लाह दिँदैनौँ। तपाईलाई भेट्ने समय रद्द वा हेरफर गर्नुपरेमा कृपया (02) 9382 7046 मा फोन गर्नुहोस्।**

कृपया अप्वाईन्टमेन्टको समयलाई निश्चित गर्नका लागि फोन नगर्नुहोस्। तोकिएको समयमा परिवर्तन भयो भने हामी तपाईलाई फोन वा इमेलद्वारा सम्पर्क गर्नेछौँ।